मेचीनगर नगरपालिका

झापा जिल्ला, कोशी प्रदेश, नेपाल



आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम र वार्षिक नगर विकास योजना र बजेट

प्रकाशक
मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा, कोशी प्रदेश नेपाल

www.mechinagarmun.gov.np
email: mechinagarmun@gmail.com
023-562213 (Mayor), 023-562212 (Deputy Mayor)
023-562504 (Fire Brigade), 023-562437 (Office)

निर्णय नं. १

मेचीनगर नगरपालिकाको आ.व. २०८३/०८४ को लागि पेश भएको नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

बार्षिक बजेट, नीति तथा कार्यक्रमको आधार :

१. नेपालको संबिधान २०७२
२. स्थानीय सरकार संचालन ऐन, २०७४
३. राष्ट्रिय प्राकृतिक श्रोत तथा वितिय आयोग ऐन २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
५. सङ्घीय तथा प्रदेश सरकारले जारी गरेका नीति तथा मार्गदर्शनहरु
६. संघ र प्रदेशका आवधिक योजना तथा यस नगरपालिकाको प्राथमिकताका क्षेत्रहरु
७. दिगो विकास लक्ष्यहरु
८. नेपाल सरकारले अन्तर्राष्ट्रिय क्षेत्रमा जनाएका प्रतिबद्धताहरु
९. विकासका अन्तर सम्बन्धित विषयहरु
१०. नगरवासीका आवश्यकता तथा चाहनाहरु
११. उपलव्ध श्रोत तथा साधनहरु

बजेट, नीति तथा कार्यक्रमको प्राथमिकता

१. आधारभूत स्वस्थ्य सेवाको प्रभावकारिता वृद्धि र नागरिकको सहज पहुँच तथा गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चितता,
२. शैक्षिक गुणस्तरमा व्यापक सुधार,
३. गरिवी न्यूनीकरणका लागि रोजगारी सृजना,
४. प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धनका लागि विद्युतीय शासकीय प्रबन्ध,
५. एकीकृत शहरी विकास योजनाको निर्माण तथा कार्यान्वयन,
६. लागूऔषध दुर्व्यसन नियन्त्रणका लागि समाज परिचालन.
७. व्यवस्थित फोहोरमैला व्यवस्थापनका लागि "स्वच्छ नगर - सुन्दर मेचीनगर" निर्माण अभियान संचालनमा टोल विकास संस्थाको परिचालन,
८. अपाङ्गता मैत्री नगर निर्माणका लागि योजना निर्माण तथा कार्यान्वयन,
९. कृषि उत्पादनको वृद्धिका लागि बाझो जमिन प्रयोगका लागि प्रोत्साहन अभियान,
१०. युवाको शारिरीक र मानसिक विकासका लागि खेलकुद विकासको विकास कार्यक्रम ।

क. सुशासन तथा क्षमता विकास तर्फ

१. स्थानीय सरकार संचालन ऐन, २०७४ र प्रचलित कानुन बमोजिम नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयबाट प्रवाह हुने सेवालाई ब्यबस्थित र पारदर्शी बनाउन एकीकृत नगर सेवा प्रणाली मार्फत सेवा प्रवाह प्रारम्भ गर्न प्रयोगकर्ता प्रोफाइल बनिरहेकोमा, आ.व. २०८३/०८४ मा नगर प्रोफायल तयार गरी एकिकृत नगर सेवा प्रणालीको पूर्ण कार्यान्वयन गरी सेवा प्रवाहमा सहजता ल्याईनेछ।
२. आयोजना बैंक तर्जुमा, मध्यकालीन खर्च संरचना र वार्षिक बजेट तर्जुमाका लागि परियोजना ब्यबस्थापन प्रणालीलाई अध्यावधिक गर्दै लगिनेछ । नगर कार्यपालिकाको कार्यालयको प्रशासनिक सेवालाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यकक्षहरू व्यवस्थित गरिनेछ।

३. सेवा प्रवाहलाई अझ व्यवस्थित र मर्यादित बनाउन क्षेत्रगत जिम्मेवारी बोकेका कर्मचारीका लागि उत्प्रेरणा जगाउन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन विशेष तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू संचालन गरिनेछ।

४. नगर कार्यपालिकाको कार्यालयमा नागरीक सहायता कक्ष (Help डेस्क) स्थापना गरी नागरीक मैत्री सेवा प्रवाह गर्न आवश्यक ब्यबस्था मिलाइनेछ।

५. कार्यसम्पादनमा सहजता ल्याउन नागरीक वडापत्र मार्फत सेवाग्राहीलाई सेवा प्रवाहको जानकारी दिई सेवा प्रवाहमा सहजता ल्याउने ब्यबस्था गरिनेछ।

६. कार्यसम्पादनको नियमित अनुगमन र समिक्षा गरिनेछ । नगरपालिकाबाट कार्यान्वयन भएका तथा कार्यान्वयनमा रहेका योजना तथा कार्यक्रमहरूको त्रिवर्षीय प्रगति समिक्षा गरी प्रगति प्रतिबेदन प्रकाशन गरिनेछ। सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

७. "रहरले काम गरौ, हासेर सेवा गरौ" भन्ने भावना आत्मसाथ गरी कर्मचारी र नागरीक बिचको सम्बन्ध सुमधुर बनाइने नीतिलाई निरन्तरता दिइनेछ।

८. नगरपालिका र यस अन्तर्गत रहेका सम्पतिको संरक्षण गर्न अभिलेख तयार गरी सो को ब्यबस्थापन गरिनेछ।

९. नगर कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयको लागि गरीने सामग्री खरिदको नगर दररेट कायम गरी एकमुष्ट खरिद गर्ने नीति अवलम्बन गरिने छ।

१०. स्वीकृत योजना तथा कार्यक्रम संचालनका लागि वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन समय तालिका र खरिद योजना बनाई कार्यान्वयन गरिनेछ।

११. सार्वजनिक खरिद नियमावलीको नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाको लागत सहभागिता बाहेक अधिकतम विनियोजित रकम रु ५ (पाँच) लाखसम्म मात्र हुनेछ। तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृति कार्य भनी उल्लेख भएको बिषय सम्बन्धित प्राविधिकको सिफारिसमा नगरपालिकाको पूर्व सहमति लिएको अवस्था बाहेकको हकमा हेभी मेशिन प्रयोग गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गर्न पाइने छैन।

ख. सामाजिक विकास तर्फका नीति

१. शिक्षा सम्बन्धि नीति

१.१ नगरपालिकाको आन्तरिक श्रोतबाट ब्यबस्थापन गरिएका बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीहरुको शिक्षकहरुको सेवालाई निरन्तरता दिइनेछ।

१.२ राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिताबाट विद्यालय स्तरमा खेल प्रतिभाको प्रस्फुटन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१.३ शिक्षा दिवसका कार्यक्रमबाट नगरका शिक्षा क्षेत्रका विविध विधाका उत्कृष्ठ शिक्षक तथा विद्यार्थी सम्मानलाई निरन्तरता दिइनेछ।

१.४ शैक्षिक कार्यक्रमलाई व्यवस्थित गर्न नगरको शैक्षिक क्यालेण्डरलाई निरन्तरता दिइने छ।

१.५ सहिद परिवारका सन्तान, विपन्न, विपन्न दलित, अपांग विद्यार्थीका लागि सहिद वीरेन छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१.६ शिक्षण कार्य र शिक्षण पेशालाई अध्यावधिक राख्न छोटो अवधिका तालिम कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१.७ आधारभूत तह (कक्षा-८)को अन्तिम परीक्षा प्रणालीलाई सुदृण गरिनेछ ।

१.८ मेचीनगर नगरपालिका क्षेत्रका बालबालिकाका लागि गुणस्तरीय शिक्षा उपलब्ध गराउन योगदान गरी रहेका निजी शैक्षिक संस्थाहरुसँग शैक्षिक गुणस्तर सुधारका लागि सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

१.९ विद्यालयका प्रधानाध्यापक/प्रिन्सिपल र अन्य सम्बद्ध पक्षसँग कार्यक्रम संचालन सम्बन्धी नियमित छलफल तथा अन्तरक्रिया संचालन गरिनेछ ।

२. स्वास्थ्य तथा जनसंख्या सम्बन्धि नीति

२.१ "नागरिकको स्वास्थ्य, समृद्दिको आधार, स्वास्थ्य नागरिक खुशी नागरिक" अभियानलाई सफल पार्न र दिगो बिकास लक्ष्यहरू प्राप्तिका लागि लक्षित कार्यक्रमहरू संचालन गरिनेछ ।

२.२ "सुलभ र गुणस्तरीय उपचार, हाम्रो अधिकार" आधारभूत स्वास्थ्य सेवा व्यवस्थापनको लागी मेचीनगर आधारभूत अस्पताललाई पूर्वाधार, जनशक्ति, औषधी तथा प्रविधि सेवामा सुदृढिकरण गर्दै अन्य सबै वडाका स्वास्थ्य संस्थाहरूमा समेत गुणस्तरीय स्वास्थ्य सेवाको व्यवस्था मिलाइनेछ ।

२.३ "सुरक्षित प्रसुति, आमा शिशुको जीवन रक्षा" कार्यान्वयन गर्न आधारभूत अस्पतालमा सुरक्षित प्रसुति केन्द्रको सुदृढीकरण र विपन्न गर्भवती तथा सुत्केरी आमाहरूको सुपोषणको लागी पोषण प्याकेज वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

२.४ नसर्ने रोगको बढ्दो प्रकोपलाई न्यूनीकरण गर्न तथा मानसिक स्वास्थ्य प्रवर्दन गर्न जनस्वास्थ्यका क्रियाकलापहरू संचालन गरिनेछ ।

२.५ क्षयरोगमुक्त पालिका घोषणा अभियान सुनिश्चितता र दिगोपनाका चरणबद्ध कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

२.६ मेचीनगर नगरपालिकालाई पूर्णखोप सुनिश्चितता गर्दै दिगोपनाका कार्यक्रम संचालन गरिनेछ ।

२.७ स्वास्थ्य सेवामा डिजिटल प्रणालीको प्रयोगद्वारा पारदर्शिता र प्रभावकारिता अभिवृद्धि गर्दै लगिने छ ।

२.८ महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका कार्यक्रम दीर्घ सेवा गरेका स्वास्थ्य स्वयं सेविकालाई रु. एक लाख नगद सहित दीर्घ सेवा सम्मान तथा महिला सशक्तीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२.९ पूर्णखोप, बालमैत्री, पोषणमैत्री, सुनिश्चितता र दिगोपनाका चरणबद्ध कार्यक्रमहरू संचालन गरिनेछ ।

१.१० राष्ट्रिय स्वास्थ्य कार्यक्रमलाई जिम्मेवारीका साथ प्रभावकारी रुपमा संचालन गरिने छ ।

२.११ स्वास्थ्य बिमा कार्यक्रमलाई थप पहुँचयोग्य बनाउदै लगिनेछ ।

३. युवा, खेलकुद तथा सामाजिक विकास सम्बन्धि नीति

३.१ खेलकुदको समुचित विकास, विस्तार, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्दै नगरको निर्माण एबम बिकासमा खेलाडीको भूमिकालाई सवल, सक्षम र प्रभावकारी बनाउन सबै खेलको भावना समेट्दै मेचीनगर स्पोर्ट्स मेनियाको दोस्रो संस्करण संचालन गरिनेछ ।

३.२ नगर खेलकुद विकास समिति, वडा खेलकुद विकास समिति र खेलकुद क्लवहरूले आयोजना गर्ने प्रतियोगिताहरू समावेश गरी नगरको बार्षिक क्यालेण्डर प्रकाशन गरी नगर भित्र आयोजना हुने सवै प्रकारका प्रतियोगिताहरूलाई व्यवस्थित गरिनेछ ।

३.३ बर्तमान नेपाली समाजका प्रमुख चुनौतीको रुपमा रहेको र मेचीनगरको समेत एक गम्भीर समस्याको रुपमा रहेको लागू औषध तथा दुर्व्यसन बिरुद्ध रणनीतिक योजना अनुसार कार्यक्रम संचालन गरिनेछ ।

३.४ समाजमा रहेको विभिन्न कला प्रतिभाहरूको प्रस्फुटन गर्न कला, साहित्य र संस्कृतिको प्रवर्द्धन गर्न योजना तर्जुमा गरी समिति मार्फत कार्यान्वयन गरिनेछ ।

३.५ दलित वर्गको लागि सीपमुलक आयमुलक तालिम संचालन गरिनेछ । दलित समुदायको परम्परागत पेशा ब्यबसायलाई आधुनिकीकरण र ब्यबसायीकरण गर्नका लागि आवश्यक नीति तर्जुमा गरिनेछ ।

३.६ सामाजिक शक्तिका रुपमा रहेका टोल विकास संस्थाहरूले गरेका असल अभ्यासहरूको आदानप्रदान गर्दै वडा स्तरीय तथा नगरस्तरीय संजाल गठन गरी टोल विकास संस्थालाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ । नगरको विकासमा सहभागी गराउन र नगरको समग्र विकासमा गतिशिलता ल्याउनका लागि टोल विकास संस्थाको परिचालन गरिनेछ ।

४. महिला, वालवालिका, जेष्ठ नागरीक तथा अपांगता भएका व्यक्तिको संरक्षण र विकास नीति

४.१ लैंगिक विकास तथा सामाजिक समावेशीकरणको अवस्थालाई सुदृढ गरिनेछ । साथै लैंगिक विकास तथा सामाजिक समावेशीकरण परीक्षणलाई निरन्तरता दिईनेछ ।

४.२ लैंगिक हिँसा विरुद्धका अभियानहरूलाई प्रभावकारीरुपमा संचालन गरी निरन्तरता दिईनेछ ।

४.३ अपाङ्गता मैत्री नगर निर्माणका लागि बिशेष प्रकारका कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

४.४ महिला सिप विकास तालिम केन्द्र मार्फत महिलाहरूका लागि स्वरोजगारका क्षेत्र पहिचान गरी सिप विकास तथा प्रविधि हस्तान्तरणजस्ता कार्यक्रम संचालन गरिनेछ ।

४.५ प्रदेश र नगरपालिकाको साझेदारीमा अपांगता भएका व्यक्तिहरुका लागि विशेष कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

४.७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

४.८ बिद्यालयस्तरका बालबालिकाहरूमा लैंगिंक हिंसा तथा यौन हिंसा बिरुद्धमा सचेतनामुलक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

४.९ लैगिक हिंसा प्रतिकार्य पहुँचको क्षेत्रमा संघिय सरकार, दातृ निकाय र नगरपालिकाको साझेदारीमा संचालित कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. सुचना तथा संचार सम्बन्धी नीति

५.१ जनताको सूचनाको हक सुनिश्चित गरी लोकतन्त्रको मर्म स्थापित गर्न कार्यालयको कामहरूको नियमित रुपमा प्रकाशन गर्ने व्यवस्था गरिनेछ ।

५.२ संचार माध्यमलाई नगरपालिकाको विकास गतिविधिमा साझेदार बनाउने नीति लिइनेछ ।

ग. आर्थिक विकास सम्बन्धि नीति

१. कृषि विकास तर्फ

१.१ खेती योग्य जमिनमा बाहैं महिना सिंचाई सुविधा पुर्याउन अभियानकै रुपमा डिप वोरिङ, सोलार पम्प, कुलो मर्मत तथा निर्माण, वाटर लिफ्टिङ्ग, स्प्रिङ्कल सिंचांई योजना र वर्षाको पानी संकलन गर्ने पोखरी निर्माण आदिको माध्यमबाट सिंचाई सुविधा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

१.२ नगरपालिका क्षेत्र भित्र हात्तीको कारण हुने क्षतिलाई न्युनीकरण गर्न हात्तीवाट प्रभावित क्षेत्रहरूमा प्रदेश सरकारसंग सहकार्य गरी बाली बिमा कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

१.३ यस क्षेत्रका लागि उपयुक्त रहेका रैथान तथा स्थानीय वालीहरूको पहिचान गरी त्यस्ता वालीको संरक्षण तथा व्यवसायिक खेती प्रवर्द्धन क्रियालापहरू सञ्चालन गरिने छ ।

१.४ खेतीयोग्य जमिनको उत्पादन बृद्विका लागि मल विउको अभाव हुन नदिने, जसको लागि रासायनिक मल तथा विषादिको प्रयोगले मानव स्वास्थ्य लगायत वातावरणलाई समेत असर पुग्ने भएकोले त्यसको सट्टामा प्राङगारीक मल प्रयोग गर्न प्रोत्साहित गर्ने नीति अबलम्बन गरिनेछ ।

१.५ यस क्षेत्रमा व्यवसायिक उत्पादनको लागि सम्भावना भएका नगदे वाली जस्तै अलैंची, सुपारी, मरिच,अदुवा, वेसार आदिको उत्पादन वृद्धि गर्न प्रदेश सरकारसंग सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१.६ किसान सुचीकरण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालनमा ल्याउने आगामी वर्ष नगरका सवै कृषकहरूलाई सुचिकृत गरिनेछ ।

१.७ कृषि विकास कार्यक्रमहरू कार्यान्वयनका लागि आवश्यक पर्ने कानून निर्माण गरी आवश्यकता अनुसार लागु गर्दै लगिनेछ।

१.८ नगरवासीहरूको सिप र दक्षता अभिवृद्धि गरी कृषि तथा पशुपालन क्षेत्रको आमुल रुपान्तरण गर्न कृषिको व्यवसायीकरण, यान्त्रीकरण, सूचना तथा प्रविधीको उपयोग गरेर उद्योगधन्दा विकास तथा बजारीकरण गर्ने तथा कृषि पर्यटन प्रवर्द्धन हुने खालका कार्यक्रमको पहिचान गरी अन्य सरोकारवलाहरूको समन्वयमा बिभिन्न कार्यक्रम सन्चालन गरिनेछ।

१.९ राष्ट्रिय कृषि आधुनिककरण परियोजना अन्तर्गतका पकेट क्षेत्र (च्याउ, तेलहन वाली, मसलावाली, दलहनवाली, तरकारी र मौरी पालन) सन्चालनका लागि तोकिएको मापदण्ड र कार्यबिधि बमोजिम कार्यान्वयन गरिनेछ।

१.१० बिउबिजन कार्यक्रमबाट उत्पादित सिफारिस जातका गुणस्तरिय खाद्यान्न बालीको बिउबिजनको ब्यबस्था गरिनेछ।

१.११ संघीय तथा प्रादेशिक सरकारले अघि सारेका तथा नगरपालिकाको लागी छनौटमा परेका आयोजनाहरूको लागी पुरक वजेट तथा लागत साझेदारी अनुरुप हुन आउने वजेटको व्यवस्था गरिनेछ।

१.१२ जमिन बाझो राख्ने प्रचलनलाई निरुत्साहित गरी उत्पादन वृद्धि गर्न जमिन बाझो राख्ने जग्गाधनीलाई जरिवाना गर्ने नीति अवलम्बन गरिनेछ। निश्चित रकम जरिवाना गरी सम्पति करमा जोडिनेछ।

२. लघु उद्यम विकास

२.१ मेचीनगर नगरपालिकाले सृजना गरेका उद्यमीहरूको उद्यम व्यवसाय दर्ता तथा नवीकरण गर्दा सहुलियत (राजश्वमा छुट) प्रदान गरिनेछ।

२.२ मेचीनगर क्षेत्र भित्र घर/घरमा लघु उद्यमको अवधारणा अनुसार उद्यमशिलता विकास तालिम र सीप विकास तालिम कार्यक्रम संचालनलाई निरन्तरता प्रदान गरिनेछ।

२.३ मेचीनगर भित्रका लघु उद्यमीहरूको उत्पादनलाई सुनिश्चितताका लागि पहिचान सहितको उत्पादन बनाउनका लागि विषेश कार्यक्रम संचालन गरिनेछ।

२.४ सामी परियोजना अन्तर्गत वित्तीय साक्षरता कक्षा लिएकाहरुका लागि लघु उद्धम प्रवर्द्धन गर्न स्वरोजगारमुखी लघु उद्धम विकास कार्यक्रम संचालन गरिनेछ।

३. सहकारी

३.१ नगर क्षेत्रभित्र संचालनमा रहेका सहकारीहरुको तथ्यांक संकलन गरी कानुन बमोजिम नियमन तथा ब्यबस्थापनका लागि प्रणाली विकास गरिनेछ।

४. पशुपन्छी तथा मत्स्य विकास नीतिः

४.१ नश्ल सुधारः प्राकृतिक तथा कृतिम गर्भाधानको माध्यम बाट पशुपन्छी तथा माछामा नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा बृद्धि गरिनेछ।

४.२ उन्नत प्रविधिको प्रयोग र अनुसरणः कृषिमा अपनाइएको नयाँ नयाँ उन्नत प्रविधि अनुसार पशुपालन पेशालाइ प्रबर्द्धन गर्नका लागि व्यवसायिक कृषकहरुलाइ उत्प्रेरणा गरिदै लगिनेछ।

४.३ पशु आहाराको सन्तुलित विकासः पशुपन्छी तथा मत्स्य पालनमा ठूलो लगानी तिनीहरुको आहारामा हुने भएकाले स्थानिय स्तरमा आहारा ब्यवस्थापनका लागि किसानलाइ सीप हस्तान्तरणका कार्यक्रमहरु सन्चालन गरीदै लगिनेछ। घाँसमा आधारीत पशुपालनका लागि पशु आहारा विकास अन्तरगत हिउदे बर्षे तथा बहुबर्षिय घाँस खेतीलाइ वृद्धि गरी घाँसको संरक्षण गर्ने बिधिहरुमा प्रोत्साहन गरिनेछ।

४.४ पशुपन्छी स्वास्थ्य सम्बन्धि हाल नयाँ नया रोगहरु फैलिइरहेको तथा अन्य धेरै रोगहरुको जोखिम रहेको हुँदा उपचार सेवा तथा रोग प्रतिरोधका लागि पशुपन्छीमा महामारी रोग बिरुद्धको खोप कार्यक्रमलाइ नियमित गरिदै लगिनेछ।

४.५ पशुजन्य पदार्थको उचित बजारमूल्यका लागि बजारको खोजी तथा विविधिकरणका लागि घरेलु उद्योगहरुलाई प्रोत्साहन गरिनेछ।

४.६ दिगो बिकासको रणनिति अनुसार ब्यवसाय र पर्यावरण समेतलाई जोगाइ राख्न बातावरण मैत्री उद्दम तथा ब्यवसायलाइ प्राथमिकता दिइनेछ।

४.७ अनुसन्धान केन्द्रबाट प्रमाणिकरण भएका नविनतम नवप्रर्वतनलाई स्थानिय संचार तथा फिल्ड प्राविधिकको माध्यमबाट किसानको घरदैलोमा पुर्याइनेछ।

४.८ जोखिम न्यूनिकरणका लागि अनुदानमा पशुपंक्षी वीमालाई अनिवार्य गरिनेछ ।

४.९ जलाशाय यूक्त क्षेत्रमा मत्स्य विकासलाइ प्राथमिकता दिइनेछ र भविष्यमा माछाको ब्रिडिङ सेन्टरको स्थापना तर्फ जाने गरी योजना निर्माण गरिनेछ ।

घ. वातावरण तथा विपद व्यवस्थापन सम्वन्धि नीति

१. फोहोर मैला व्यवस्थापन

१.१ पुन: चक्रण (Recycle) केन्द्र स्थापना र कम्पोस्टिंग इकाई स्थापना गर्ने, फोहोर वर्गीकरणका तालिम र सचेतना कार्यक्रम संचालन गरी फोहोर न्यूनीकरण गर्दै जैविक मल उत्पादनमा जोड दिइनेछ।

१.२ टोल विकास संस्था र गैर सरकारी संस्थाहरुको परिचालन गरी प्लास्टिक मुक्त अभियान र घरेलु फोहोरमैला व्यवस्थापनका लागि सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

२. वन तथा वातावरण संरक्षण

२.१ नगरका मुख्य सडक तथा शाखा सडकहरुमा छायादार बिरुवा रोपी तापक्रम न्यूनीकरण गरी पैदल यात्रीलाई सुबिधा र सौन्दर्यमा वृद्धि गर्दै पर्यापर्यटन तथा आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्ने योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२.२ मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय हाता भित्रको हावाको गुणस्तर सुधार, वातावरणप्रति नागरीक चेतना अभिवृद्धि गर्ने साथै कार्यालयको सौन्दर्यिकरण गर्न योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

२.३ मेचीनगर नगरपालिका भित्र बन्यजन्तु तथा चरा अनुसन्धान, बन्यजन्तु ब्यबहार, प्रजनन र वासस्थान बारे अध्ययन अनुसन्धान गरी जैविक बिबिधता कायम गर्न पर्यटन प्रवर्द्धन गर्न योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

२.४ जलवायु परिवर्तनका असरहरुलाई न्यूनीकरण गर्न योजनावद्ध प्रयासका लागि LAPA को निर्माण गरी क्रमश कार्यान्वयन गर्दै लगिनेछ।

२.५ Air Quality Monitoring Station निर्माणका लागि आवश्यक अध्ययन तथा ब्यबस्थापन गरिनेछ।

२.६ नदी उकास क्षेत्र, नदी तटवन्धन गरी खाली जमिन निकाल्ने र यस प्रकारका क्षेत्रमा वातावरण संरक्षण योजना वनाइने छ। साथै नगरको स्वामित्वमा रहेका जमिन र माथी उल्लेखित जमिनको नापजाँच गरी संरक्षण गर्ने योजना तयार गर्न आवश्यक वजेट व्यवस्थापन गरिनेछ।

३. विपद व्यवस्थापन

३.१ नगर तथा वडास्तरीय विपद व्यवस्थापन प्रतिकारी योजना तर्जूमा गरिनेछ । विपदमा पर्न सक्ने व्यक्तिहरुको अल्पकालिन व्यवस्थापनका लागि सम्भाव्यता अध्ययन गरी व्यवस्थापन केन्द्र निर्माणको प्रकृया अघि वढाइनेछ ।

३.२ **विपद जोखिम न्यूनिकरण कार्ययोजना तयार गरी कार्यान्वयन प्रक्रियालाई निरन्तरता दिईनेछ ।**

३.३ विपद व्यवस्थापनका लागि (Critical Information Delivery) लाई निरन्तरता दिन विपद ब्यबस्थापन सामग्री खरिद गरी वातावरण संरक्षण र सार्वजनिक स्वास्थ्य सुधार योजना निर्माण गरी कार्यान्वयन गरिनेछ

३.४ मेचीनगरमा रहेको जंगली हात्ती प्रकोपको क्षतिलाई नियन्त्रण गर्न निर्माण गरीएको सोलार फेनिसिङ्गको सुरक्षाका लागि राखिएका सुरक्षाकर्मी लाई दिदै आएको सेवासुविधालाई निरन्तरता दिईनेछ ।

३.५ आपतकालीन कार्य संचालनका लागि केही जनशक्ति संचालन गरिनेछ ।

ङ. पूर्वाधार तथा शहरी विकास सम्बन्धि नीति

१. पूर्वाधार सम्बन्धि नीति

१.१ नगरपालिका क्षेत्रभित्र निर्माण गरीने भौतिक पूर्वाधारहरु अपांगता, वातावरण र लैगिंकमैत्री बनाइनेछ ।

१.२ ठूला र अत्याधुनिक भौतिक पूर्वाधार विकास गरी शहरी सेवाको गुणस्तर र क्षेत्र विकास एवम् स्थानीय तहमा रोजगारी सृजना गर्न सार्वजनिक–निजी साझेदारी अवधारणा अनुरुपको कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

१.३ नगरपालिका क्षेत्रभित्रका सहायक सडकहरुलाई पूर्णरुपमा कालोपत्र, ढुंगा/ईट्टा/ब्लक छाप्ने, पिसीसी ढलान गरी यथासक्य हरियाली प्रर्वद्धन गरिनेछ ।

१.४ ढल निकास, ढल जाम तथा ढल व्यवस्थापनको लागि संवद्ध निकायसँग समन्वय गरी कार्य गरिनेछ ।

१.५ नगरपालिकाको यातायात गुरुयोजना (Municipal Transport Master Plan) अध्यावधिक गरी सडकहरुको नामकरण गर्ने, क्षेत्राधिकार तोक्ने सोहि बमोजिम वर्गीकृत सडकहरुलाई प्रथामिकताको आधारमा क्रमश: कालोपत्रे, ग्राबेलिंग, बाटो खोल्ने कार्य गरी नगर भित्रका सम्पूर्ण सडकहरुलाई अल वेथर (All Weather Road) को रुपमा विकास गरिनेछ ।

१.६ नगरभित्रका पुराना कालोपत्रे सडकहरुलाई आवश्यकता अनुसार ओवरले (Asphalt Overlay) गर्ने र मर्मत सम्भार कार्यलाइ प्रथामिकतामा राखी कार्य गरिनेछ ।

१.७ योजना कार्यान्वयनका क्रममा स्वीकृत कार्यतालिका र सम्झौता बमोजिम कार्यान्वयन नहुँदा समय मै योजना सम्पन्न नहुने परम्परालाई निरुत्साहित गर्न आवश्यक कानुन निर्माण गरी कार्यन्वयन गरिनेछ ।

१.८ सडकहरुको संरक्षण सम्बर्द्धनका लागि सडक हेरालु ब्यबस्थापन गर्न कार्यविधि बनाई कार्यान्वयन गरिनेछ

२. शहरी विकास सम्बन्धि नीति

२.१ एक घर दुई बिरुवाको अनिवार्य नीति अवलम्बन गर्ने ,बातावरण मैत्री ,Energy efficient Building को अवधारण कार्यन्वयन गर्ने ,आवश्यक भवन संहिताको पालना गर्ने र Energy efficient Building उर्जा) प्रभावकारीप्रवर्द्धन भवन का लागि (आवश्यक घर कर्जाको लागि संघीय स्तरमा सो को बिषय राखी राष्ट्र बैक समक्ष सुलभ ब्याजदरका लागि आवश्यक पहल गरिनेछ ।

२.२ अनिवार्य बैज्ञानिक ढंगले House Addressing, Metric System GIS मा समेत आबद्ध हुन गरी आवासीय नीति कार्यन्वयन गर्ने बिद्धुतीय ,सेवामा थप टेवा पुर्याउन सो का लागि सडक नामांकरण नम्बरिंग / गरिनेछ ।

२.३ साबिकका गाबाहुनडाँगी र धाइजनमा रहेका सडकहरु ,ज्यामिरगढी ,दुहागढ़ी .स .बि .को सडक अधिकार क्षेत्रको बिषयमा पुरानो सडकहरुको सडक क्षेत्र अधिकार मिलान गरी सडक अधिकार मापदण्ड निर्धारण

गर्न IUDP योजना बनाउन शहरी विकास मन्त्रालयसंग आवश्यक समन्वय गर्ने गरी नीति अवलम्बन गरिनेछ।

२.४ नमुना बस्ति बिकाश निर्माणका लागि आवश्यक जग्गा एकीकरणको योजना अगाडी बढाउन सम्भाव्यता अध्ययन ,DPR, वातावरणीय अध्ययन, सामाजिक प्रभाव अध्ययन अघि बढाइनेछ।

२.५. सार्बजनिक जग्गा ऐलानी जग्गा पहिचान गरी सो को लगत संकलन गर्ने, लगत राख्ने र तथ्यांकको आधारमा संरक्षणको लागि आवश्यक नीति अवलम्बन गरिनेछ।

२.६ निर्माणधीन सडक निर्माण भएका सडक जसको ,चौडाई नापी नक्सा भन्दा भिन्न छ भने सो को नाप चेक जांच गरी नापी कार्यालयमा नापजाँच ऐन बमोजिम नक्सामा फिल्ड बमोजिम कायम गर्ने नीति अवलम्बन गरिनेछ।

च. विधयेक सम्बन्धि नीति

१. न्याय सम्पादन

१.१ न्याय सम्पादन प्रक्रियालाई ब्यबस्थित र प्रभावकारी बनाउन मेलमिलापकर्ताहरुको लागि पुनर्ताजगी तालिमलाई निरन्तरता दिइनेछ।

१.२ संबिधान, ऐन लगायतका कानुनले नागरीकलाई दिएका अधिकारहरुको बिषयमा टोल विकास संस्थाका पदाधिकारी, बिद्यार्थी, जेष्ठ नागरिक र मजदुरहरुसंग अन्तरसंवाद कार्यक्रम संचालन गरिने छ।

१.३ न्याय सम्पादन र विपद ब्यबस्थापनमा न्यायिक समितिका पदाधिकारी र मेलमिलापकर्ताहरुलाई अनुभव आदान प्रदान गर्न अन्तरपालिका संवाद र अध्ययन/अवलोकन कार्यक्रम संचालन गरिनेछ।

१.४ शाखा प्रमुख, वडा सचिव र निर्वाचित जनप्रतिनिधिहरुको बीच न्यायिक प्रक्रिया र भूमिका सम्बन्धमा अन्तरसंवाद कार्यक्रम संचालन गरिनेछ ।

१.५ न्यायिक समिति र मेलमिलापकर्ताहरुबाट भएको निर्णय र सहजीकरणको अभिलेख ब्यबस्थापनका लागि प्रणाली विकास गरिनेछ ।

निर्णय नं. २

मेचीनगर नगरपालिकाको आ.व. २०८३/०८४ को लागि पेश भएको आर्थिक विधयेक, २०८३ स्वीकृत गर्ने निर्णय गरियो।

मेचीनगर नगरपालिकाको आर्थिक विधयेक, २०८३

प्रस्तावना:

मेचीनगर नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर, शुल्क, दस्तुर तथा दण्ड जरीवाना सङ्कलन, छुट र आय–सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम स्वीकृतिका लागि यो आर्थिक विधयेक पेश गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस ऐनको नाम **"मेचीनगर नगरपालिकाको आर्थिक ऐन ,**२०८३ रहेको छ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि मेचीनगर नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. सम्पत्ति कर: मेचीनगर नगरपालिका क्षेत्रभित्र **अनुसूची–१**, **अनुसूची – १.१** र **अनुसूची–१.२** मा उल्लेख भए बमोजिम कर लगाई असुलउपर गरिने छ।

३. **भूमिकर (मालपोत) :** नगरपालिका क्षेत्रभित्र **अनुसूची–२ र अनुसूची–२.१ बमोजिम** भूमिकर (मालपोत) लगाई असुल उपर गरिनेछ । तर दफा (२) बमोजिम सम्पति कर लगाएको जग्गामा भूमिकर (मालपोत) लगाइने छैन ।

४. **घरजग्गा बहाल कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल रकममा अनुसूची–३ बमोजिम बहाल कर लगाई असुलउपर गरिने छ ।

५. **व्यवसाय–कर:** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी वा आर्थिक कारोबारका आधारमा **अनुसूची–४** बमोजिम व्यवसाय कर लगाई असुलउपर गरिनेछ ।

६. **विज्ञापन कर:**

(१) नगरपालिका क्षेत्रभित्र व्यावसायिक प्रचारप्रसारका उद्देश्यले राखिने विज्ञापन वा प्रचारप्रसारका सामग्रीहरू, जस्तैः साइन बोर्ड, ग्लो बोर्ड, डिस्प्ले बोर्ड, डीपीएस, रिफ्लेक्टिभ, ट्राइ भिजन, एसीपी बोर्ड, डिजिटल डिस्प्ले बोर्ड, स्टल, ब्यानर, गेट, पर्चा, पम्प्लेट, पेन्टिङ, माइकिङ आदिमा प्रदेश कानुनमा उल्लेख भए बमोजीम **अनुसूची–५** अनुसार विज्ञापन कर लगाई असुलउपर गरीने छ ।

(२) नगरक्षेत्रमा निजी घरजग्गा तथा सार्वजनिक स्थलमा राखिने सवै प्रकारका विज्ञापन, प्रचारप्रसार तथा सूचना–सामग्री राख्नुपूर्व नगरपालिकाको स्वीकृति लिएर मात्र राख्नुपर्नेछ । स्वीकृतिविना राखिएका विज्ञापन, प्रचारप्रसार तथा सूचना–सामग्री नगर–कार्यपालिकाको कार्यालयले हटाउन सक्नेछ ।

७. **सिफारिस सेवा शुल्क:** मेचीनगर नगरपालिकाले सिफारिस सेवा उपलब्ध गराए बापत सेवाग्राहीबाट **अनुसूची–६** बमोजीम सेवा शुल्क असुलउपर गरिनेछ ।

८. **जडीबुटी, कवाडी र जीवजन्तु कर:** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनद्वारा निषेध गरिएका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता वस्तुको व्यावसायिक कारोबार गरेबापत **अनुसूची–७** बमोजिम जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाई असुलउपर गरिने छ ।

९. **बहाल–बिटौरी शुल्क:** नगरपालिकाले आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका सम्पत्तिहरूमा **अनुसूची–८** बमोजिमको दरमा बहाल–बिटौरी शुल्क लगाई असुलउपर गरिने छ ।

१०. **पार्किङ शुल्क:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ स्थलमा स्टेन्ड लगाउने वा पार्किङ गर्ने सार्वजनिक वा निजी यातायातका सवारी साधनहरूमा पार्किङ सुबिधा उपलब्ध गराएबापत **अनुसूची–९** मा उल्लेख भएबमोजिमको दरमा पार्किङ शुल्क लगाई असुलउपर गरिने छ ।

११. **सेवा शुल्क, दस्तुर:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका विविध सेवाहरुमा निम्न **अनुसूची** बमोजिम सेवा शुल्क लगाई असुलउपर गरीने छः

क. अनुसूची – १	**पूर्वाधार उपयोग सेवा शुल्क**
ख. अनुसूची – ११	**अन्य सेवा शुल्क**
ग. अनुसूची – १२	**अचल सम्पति मुल्यांकन सेवा शुल्क**
घ. अनुसूची – १३	**वातावरण व्यवस्थापन (सरसफाई) सेवा शुल्क**
ङ. अनुसूची – १४	**दैनिक तथा साप्ताहिक हाट सेवा शुल्क दर**
च. अनुसूची – १६	**घर नक्शा पास दस्तुर**
छ. अनुसूची – १७	**सार्वजनिक शौचालय उपयोग सेवा शुल्क**
ज. अनुसूची – १८	**पशुहाट सेवा शुल्क**
छ. अनुसूची – १९	**नदिजन्य पदार्थको दण्ड जरिवाना**

झ. अनुसूची - २० **स्वास्थ्य संस्था प्रयोगशाला परिक्षण दस्तुर**

ञ. अनुसूची – २२ **फोहोर मैला संकलन तथा व्यवास्थापन सेवा शुल्क**

१२. **बहाल वा भाडा**: नगरपालिकाको आफ्नो सवारी साधन, भवन तथा जग्गाको बहाल वा भाडामा लगाए बापत **अनुसूची–१५** बमोजिम बहाल वा भाडामा लगाई असुलउपर गरीने छ।

१३. **प्राकृतिक स्रोत बिक्री शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन र प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवम् खानीजन्य वस्तुहरूको प्रदेश आर्थिक ऐनमा तोकिएको विक्री शुल्क दरमा बिक्री गर्न सक्नेछ।

१४. **दण्ड जरिवाना**: नगरपालिकाले निर्धारण गरेको कर, शुल्क, दस्तुर तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा वा नियम विपरित कार्य गरेमा **अनुसूची–१९** बमोजिमको जरिवाना असुलउपर गरिने छ।

१५. **छुट सम्बन्धी व्यवस्था**:

(१) वार्षिक रूपमा तिर्नु पर्ने व्यावसाय कर सोही आर्थिक वर्षको आश्विन मसान्त भित्र तथा सम्पति कर सोही आर्थिक वर्षको पौष मसान्त भित्र दाखिला गरेमा १० प्रतिशत छुट दिइनेछ साथै हालसम्म व्यवसाय दर्ता भइ विविध कारणले व्यवसाय नविकरण नभएका बैक बित्तय संस्था/शैक्षिकसंस्था/उधोग/कम्पनि प्रा.लि. बाहेकका व्यवसायीहरूलाइ आश्विन मसान्तभित्र दाखील गर्न अएमा एक पटकका लागि बिगत बर्सको जरिवाना छुट गरि व्यवसाय कर मात्र असुल गरीनेछ।

(२) नगरपालिकाको आय सङ्कलन गर्न नियमानुसार ठेक्कामा दिँदा अग्रीम रूपमा सम्पूर्ण वार्षिक कबोल अङ्क बमोजिमको रकम द्विपक्षीय सम्झौता हुनुअघि एकमुष्ठ दाखिला गरेमा १० (दश) प्रतिशत छुट दिई सम्झौता गरिनेछ।

(३) नगरपालिकाले ठेक्कामा लगाएको कर, शुल्क, दस्तुर तथा महसुल विपद जन्य कारण वा अन्य काबु बाहिरको परिस्थितिका कारण सङ्कलनमा बाधा परेकाले कर छुट गरी पाऊँ भनी सम्बन्धित पक्षले औचित्यता पुष्टी हुने प्रमाण सहित पेश हुन आएमा नगरकार्यपालिकाको निर्णय भएबमोजिम हुनेछ।

(४) सामाजिक सुरक्षा कार्यक्रम तथा अपाङ्गता प्रयोजनका लागि दिइने सिफारिसमा कुनै दस्तुर लाग्ने छैन। तर, निवेदन दर्ता शुल्क भने तोकिए बमोजिम लाग्ने छ।

(५) नगरपालिकालाई करदाताले तिर्नु वा बुझाउनु पर्ने कुनै पनि कर, शुल्क, दस्तुर तथा महसुल बक्यौता लगत देहायको अवस्थामा स्थानीय राजस्व परामर्श समितिको सिफारिसमा कार्यपालिकाबाट निर्णय भए बमोजिम छुट हुन सक्नेछ र यसरी छुट दिएमा लगत कट्टा हुन सक्नेछः

(क) करदाताको मृत्यु हुन गई सम्पत्ति बेवारिसे भएको अवस्थामा,

(ख) करदाता टाट पल्टेको प्रमाणित भएमा,

(ग) करदाता कारोबार बन्द गरी वेपत्ता भएको भन्ने प्रमाणित भएमा,

(घ) कुनै विपद् वा भवितव्य परी करदाताको जनधनको क्षति भई कर तिर्न नसक्ने अवस्था सृजना भएको कुरा प्रमाणित भएमा।

(६) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कूटनीतिक नियोग, गुठीको स्वामित्वमा भएको र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिइने छैन।

तर, त्यस्ता संघसंस्थाहरूले आफ्नो सम्पत्ति कुनै पनि तवरले आम्दानी प्राप्त हुने गरी परिचालन गरेमा नियमानुसार कर, शुल्क, दस्तुर, महसुल वा जरिबाना लगाउन यस व्यवस्थाले बाधा पर्ने छैन।

(७) कानुनमा व्यवस्था भएकोमा बाहेक कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड वा जरिवाना छुट दिन पाउने छैन।

(८) साविक गाँउ विकास समिति र नगरपालिकामा दर्ता भई ५ वर्ष अवधि देखि नवीकरण नभई बन्द अवस्थामा रहेका निजी व्यावसायिक फर्महरुले चालु आर्थिक वर्ष सहित २ वर्षको व्यावसाय कर मात्र तिरेमा व्यवसाय फर्म बन्द गर्न स्विकृत दिइनेछ।

१६. प्रचलित कानुन बमोजिम हुने : यस ऐनमा उल्लेख गरिएका विषयहरूमा यसै ऐन बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

१७. खारेजी र बचाउः

(१) मेचीनगर नगरपालिकाको आर्थिक ऐन २०८२ खारेज गरिएको छ।

(२) यो ऐन जारी हुनुअघि भएका सम्पूर्ण कार्यहरू यसै ऐन बमोजिम भए गरेको मानिने छ।

मेचीनगर नगरपालिकाको आर्थिक ऐन, २०८३ को दफा २ बमोजिम जग्गाको मुल्याङ्कन दर

मेचीनगर नगरपालिका वार्ड नं १ .

क्रस.	क्षेत्र	उपक्षेत्र	**न्युनतम मूल्याङ्कन (प्रति कट्ठा)**
१	व्यापारिक तथा औधोगीक क्षेत्र	गाडागल्ली वजार क्षेत्रका वाटोले छोएका जग्गाहरु।	२००००
२		मेचेडागी चोक देखि २०० मि क्षेत्र तथा कित्ताहरु बाटोले छोएका जग्गाहरु	३००००
३	आवासिय क्षेत्र	भोर्लेनी देखि गाडागल्लीसम्म साविक वाहुण्डागी वडा नं ८ को सिमाना क्षेत्र भित्र व्यापारिक तथा औधोगिक क्षेत्र मेचेडागी वाहेक वाटोले छोएको कित्ताहरु।	२००००
४	आवासिय क्षेत्र	सुर्योदय मार्गले छोएको जग्गाहरु।	१,००,०००
५	आवासिय क्षेत्र	गोकुल मार्गले छोएका जग्गाहरु।	१,००,०००
६	आवासिय क्षेत्र	मेचेडागी वाट तिरिङ्ग हुँदै पाटापुर जाने बाटोले छोएका जग्गाहरु	१०००००
७	आवासिय क्षेत्र	चुरे मार्ग लिले खोल्सी देखी तिरिङ्ग प्रहरि चौकी सम्म वाटोले छोएको जग्गाहरु	१०००००
८	आवासिय क्षेत्र	गाडागल्ली वाट तिरिङ्ग हुँदै पाटापुर जाने वाटोले छोएको जग्गाहरु	१०००००
९	आवासिय क्षेत्र	अन्य शाखा बाटाहरुले छोएका जग्गाहरु।	५००००
१०	कृषि क्षेत्र	वाटोले नछोएका सबै खेती योग्य जग्गाहरु।	४००००
मेचीनगर नगरपालिका वार्ड नं. २			
१	व्यापारिक तथा औधोगीक क्षेत्र	भृकुटी चोक दायाँ बायाँ गोकुल मार्गले छोएका जग्गाहरु	४०००००
२	व्यापारिक तथा औधोगीक क्षेत्र	बौद्धमोड चोक दायाँ बायाँ गोकूल मार्गल छोएका जग्गाहरु	५०००००
३	व्यापारिक तथा औधोगीक क्षेत्र	गाडा गल्ली चोकका जग्गाहरु	२०००००
४	आवासिय क्षेत्र	भृकुटी चोक देखि दक्षिण महल्या चोक सम्म गोकूल मार्गले छोएका जग्गाहरु	२०००००
५	आवासिय क्षेत्र	भृकुटी चोक देखि उत्तर सरकारी हजारे पैनी सम्म गोकूल मार्गले छोएका जग्गाहरु	२०००००
६	आवासिय क्षेत्र	बौद्धमोड चोक उत्तर मेचीनगर १ को सीमाना गोकूल मार्गल छोएका जग्गाहरु	२०००००
७	आवासिय क्षेत्र	शाखा ग्रावेल बाटोहरुले छोएका जग्गाहरु	२०००००
८	आवासिय क्षेत्र	सरस्वती मा.वि.बाट मेजस मावि. जाने बाटोले छोएका जग्गाहरु	१५००००
९	आवासिय क्षेत्र	शाखा कच्ची बाटाहरुले छोएका जग्गाहरु	१०००००
१०	आवासिय क्षेत्र	बौद्धमोड देखि पूर्व मदन भण्डारी लोक मार्ग लिले खोल्सी सम्मका जग्गाहरु	१०००००
११	आवासिय क्षेत्र	भानु मार्ग भृकुटी दक्षिण वडा नं. ४ को सिमानासम्मका जग्गाहरु	१०००००
१२	आवासिय क्षेत्र	सुरज मार्गले छोएका जग्गाहरु	१०००००
१३	आवासिय क्षेत्र	भृकुटी चोक देखि पूर्व बाहुण्डाँगी मार्गले छोएका मेचीनगर ४ को सिमाना सम्मका जग्गाहरु	७५०००
१४	कृषि क्षेत्र	कृषी योग्य बाटोले छोएका जग्गाहरु	५००००
१५	कृषि क्षेत्र	कृषी योग्य बाटोले नछोएका जग्गाहरु	२५०००
मेचीनगर नगरपालिका वार्ड नं३ .			

१	व्यापारिक तथा औधोगीक क्षेत्र	गोकुलमार्ग आसपास, बौद्धमोडदेखि बेसीबजारसम्म।	२०००००
२	आवासिय क्षेत्र	धुलाबारीदेखि सेड्लेड्टार बाटो धरधरेसम्म,	१०००००
३	आवासिय क्षेत्र	सृजनावस्ती, भावानाचोकदेखि बर्राबोट, घट्टेदेखि सेड्लेड्टार भावनाचोकदेखि खम्बुटार, बडाखालपूर्व आमडाँगी जाने बाटो, पहलेधाप आसपास	८००००
४	कृषि क्षेत्र	व्यापरिक क्षेत्र र आवासिय क्षेत्र बाहेक बगर बाहेकका जमिनलाई कृषि क्षेत्र	६००००
मेचीनगर नगरपालिका वार्ड नं४ .			
१	व्यापारिक तथा औधोगीक क्षेत्र	वडा कार्यालय उत्तर दक्षिण सूर्योदय मार्गले छोएका जग्गाहरु	५०००००
२	व्यापारिक तथा औधोगीक क्षेत्र	बाहुण्डागी बजार खुशीलाल चौक देखि पूर्व भन्सार सम्म र पश्चिम नगरपालिकाको जग्गा सम्म भृकुटी जाने ग्राभेल सडकले छोएका जग्गाहरु	५०००००
३	आवासिय क्षेत्र	वडा नं. ५ को सीमादेखि उत्तर सूर्योदय मार्गले छोएका जग्गाहरु	२०००००
४	आवासिय क्षेत्र	काकरभिट्टा भृकुटी भानु मार्गले छोएका जग्गाहरु	१५००००
५	आवासिय क्षेत्र	राइसिड्ग खोला पश्चिम भृकुटी जाने ग्राभेल सडकले छोएका जग्गाहरु	१०००००
६	कृषि क्षेत्र	वडा भित्रका कच्ची बाटोले छोएका जग्गाहरु	१०००००
७	कृषि क्षेत्र	बाटोले नछोएका कृषियोग्य जग्गाहरु	५००००
मेचीनगर नगरपालिका वार्ड नं . ५			
१	आवासिय क्षेत्र	नकलबन्दा थानादेखि दुर्गामन्दिर सम्म झापा मार्गका जग्गाहरु	३०००००
२	आवासिय क्षेत्र	झापा मार्गले छोएका जग्गाहरु	२५००००
३	आवासिय क्षेत्र	आदर्श टोलबाट पिपलडाँडा जोड्ने सडक चण्डी मार्गले छोएका जग्गा हरु	२०००००
४	आवासिय क्षेत्र	नकलबन्दा चोकदेखि धिमाल बस्तीसम्म सुर्योदयमार्गले छोएका जग्गा	२०००००
५	आवासिय क्षेत्र	दुर्गामन्दिर देखि पोखेलपुलसम्मजाने मदनमार्गका जग्गाहरु	१५००००
६	आवासिय क्षेत्र	सुरेन्द्रनगर मार्गले छोएका जग्गाहरु	१०००००
७	आवासिय क्षेत्र	अन्य वाटोले छोएका जग्गाहरु	८००००
८	कृषि क्षेत्र	कुनैपनि वाटोले नछोएका जग्गाहरु	५००००
मेचीनगर नगरपालिका वार्ड नं . ६			
१	व्यापारिक तथा औधोगीक क्षेत्र	महेन्द्र राजमार्गको वडा कार्यालय जाने सडक पूर्वतर्फ राजमार्गले छोएका जग्गाहरु	१००००००
२	व्यापारिक तथा औधोगीक क्षेत्र	श्रीजंघा मार्ग उत्तर, वडा कार्यालय पूर्व, शान्तिपथ दक्षिण, सुर्योदय मार्ग पश्चिम मिति मार्केट, बसपार्क बजार क्षेत्रका जग्गाहरु	५०००००
३	व्यापारिक तथा औधोगीक क्षेत्र	सुर्योदय मार्गका प्रगति चोकसम्म सडकले छोएका जग्गाहरु	४०००००
४	व्यापारिक तथा औधोगीक क्षेत्र	मेची बस व्यावसायी संघ जाने बाटो पूर्व, शान्तिमार्ग उत्तर, सुर्योदय मार्ग पश्चिम र कान्तिपथ दक्षिणका – कालोपत्रे सडकले छोएका जग्गाहरु	३०००००
५	व्यापारिक तथा औधोगीक क्षेत्र	सतिघट्टा मार्गको महेन्द्र राजमार्ग देखि क्याम्पस चोक सम्मका जग्गाहरु	३०००००

६	व्यापारिक तथा औधोगीक क्षेत्र	भानुटोलको कालोपत्रे बाटोले छोएका जग्गाहरु	३००००००
७	व्यापारिक तथा औधोगीक क्षेत्र	सुर्योदय मार्गका प्रगति चोकदेखि दुर्गा मन्दिर सम्म पक्की सडकले छोएका जग्गाहरु	१००००००
८	आवशिय	सुर्योदय मार्ग पूर्व दक्षिण क्याप्टेन यज्ञ ब. मार्ग पश्चिमका जग्गाहरु	१५०००००
९	आवशिय	महेन्द्र राजमार्ग दक्षिण चियाबगान उत्तर कालीखोला पूर्वका जग्गाहरु ६० बिघे	१५०००००
१०	आवशिय	कालीखोला पूर्व कान्तिपथ उत्तर सुवर्ण मार्ग पश्चिम काकरभिट्टा खा.पा.को नयाँ ओभरहेड टेंकीसम्मका जग्गाहरु	८०००००
११	आवशिय	क्याम्पस चोकदेखि ७ नं. वडा सिमाना सम्मका जग्गाहरु	७०००००
१२	आवशिय	सुवर्ण मार्ग पूर्व, सुर्योदय मार्ग पश्चिम भित्रि ग्राभेल तथा कच्ची सडकले छोएका ध्रुव राईको घर सम्मका जग्गाहरु	५०००००
१३	आवशिय क्षेत्र	कालीखोला पश्चिम शान्ति रमाइलो गाउँ ग्राभेल तथा कच्ची सडकले छोएका जग्गाहरु	५०००००
१४	आवशिय	सुर्योदय मार्गका दुर्गा मन्दिर देखि नकलबन्दा चौक सम्म सडकले छोएका जग्गाहरु	५०००००
१५	आवशिय	अन्य ग्राभेल तथा कच्ची सडकले छोएका जग्गाहरु	२०००००
१६	कृषि	सडकले नछोएका जग्गाहरु	१०००००
		मेचीनगर नगरपालिका वार्ड नं . ७	
१	व्यापारिक तथा औधोगीक क्षेत्र	ईटाभट्टा चोक दाया वायाका (गोकुल र महेन्द्र राजमार्ग) पूर्वमा वडा कार्यालय, पश्चिममा सिटी सिनेमा हल सम्म, उत्तर वडा नं. ८ सिमा सम्म, दक्षिण सरस्वती प्रा.वि.	४०००००
२	आवासिय	कालिखोला पूर्व वडा नम्बर ६ को सिमा सम्म महेन्द्र राजमार्गसँग जोडिएका जग्गाहरु	३०००००
३	आवासिय	कालिखोला देखि पालिया सम्म महेन्द्र राजमार्गसँग जोडिएका ५० मिटर सम्मका जग्गाहरु	१५०००००
४	आवासिय	पालिया खोला देखि पश्चिम वडाकार्यालय सम्म राजमार्गले छोएको	१५०००००
५	आवासिय	सरस्वती प्रा.वि. देखि झिलझिले कल्भर्टको मन्दिरसम्म	५०००००
६	आवासिय	झिलझिले कल्भर्टको मन्दिर दक्षिण गोकुल मार्गले छोएको जग्गाहरु	३०००००
७	आवासिय	काकरभिट्टा सतिघट्टा हुदै गोकुल मार्ग जाने बाटोले छोएको जग्गाहरु	२५००००
८	आवासिय	गोकुल मार्गबाट मोहनकित्ता जोडने बाटोले छोएको जग्गाहरु	२०००००
९	आवासिय	शाखा ग्रावेल बाटोले छोएका जग्गाहरु	१५००००
१०	कृषि	बाटोले नछोएको जग्गाहरु	१०००००
		मेचीनगर नगरपालिका वार्ड वडा नं . ८	
१	व्यापारिक तथा औधोगीक क्षेत्र	वडा नं ७ को सिमा देखि आदर्श मा.वि. सम्म	३०००००
२	व्यापारिक तथा औधोगीक क्षेत्र	आदर्श मा. वि. देखि पुण्यचोकसम्म	१५०००००
३	व्यापारिक तथा औधोगीक क्षेत्र	महेन्द्र राजमार्गले छोएका जग्गाहरु	१५०००००
४	आवाशिय क्षेत्र	गोकूल मार्ग पश्चिम ग्रामिण आवास कम्पनीका जग्गाहरु	१२०००००

५	आवाशिय क्षेत्र	पुन्य चोक देखि श्रृजना चौक सम्म गोकुल मार्गले छोएका जग्गाहरु	८०००००
६	आवाशिय क्षेत्र	जोर सिमल देखि उत्तर झापामार्गले छोएका जग्गहरु	५०००००
७	आवाशिय क्षेत्र	श्रृजना चौक देखि दुर्गा मन्दिर सम्म गोकुल मार्गले छोएका जग्गाहरु	५०००००
८	आवाशिय क्षेत्र	सालघारी क्षेत्रका प्लटिङ्गका जग्गाहरु	५०००००
९	आवाशिय क्षेत्र	गोकूल मार्ग पूर्व टोक्ला वगान प्लटिङ्गका जग्गाहरु	५०००००
१०	आवाशिय क्षेत्र	काकरभिट्टा देखि कञ्चनजंगा नि.मा.वि. सालघारीसम्म	५०००००
११	आवाशिय क्षेत्र	पुन्य चोक देखि पूर्व घैलाडुब्बा सम्म	४०००००
१२	आवाशिय क्षेत्र	पुन्य चोक देखि पश्चिम फागुलाल मेचे घर छेउ कल्भर्टसम्म,	४०००००
१३	आवाशिय क्षेत्र	पुन्य चोक पुर्व र पश्चिम झापा मार्गका जग्गाहरु	४०००००
१४	आवाशिय क्षेत्र	निन्दा खोला देखि पूर्व फगुलाल मेचेको घर छेउ कल्भर्ट सम्म, घैलाडुब्बा देखि कालिखोला सम्म सडक दाया बायाका जग्गाहरु	३०००००
१५	आवाशिय क्षेत्र	दुर्गा मन्दिर उत्तर सिमाना सम्म गोकुल मार्गका जग्गाहरु	३०००००
१६	आवाशिय क्षेत्र	झापा मार्ग उत्तर दक्षिण प्लटिङ्गका जगगाहरु	३०००००
१७	आवाशिय क्षेत्र	सृजना चोकदेखि मेचि विद्योदय प्रा.वि.	२५००००
१८	आवाशिय क्षेत्र	कञ्चनजँगा निमावी सालघारी देखि नकलबन्दा जाने बाटोमा पर्ने जग्गाहरु	२०००००
१९	आवाशिय क्षेत्र	सरस्वती मार्गले छोएका जग्गाहरु	१५००००
२०	आवाशिय क्षेत्र	सृजना चोकदेखि मेचि विद्योदय प्रा.वि.उत्तर	१०००००
२१	आवाशिय क्षेत्र	मेची विद्योदय पश्चिम निन्दा बाँध सम्म	१०००००
२२	आवाशिय क्षेत्र	आदर्श मार्ग राजकुमार कार्कीको घरदेखि निन्दा बाधसम्मका जग्गाहरु	१०००००
२३	आवाशिय क्षेत्र	सेन्टरी चौक देखि झापा मार्गसम्म सृजना मार्गले छोएका जगगाहरु	१०००००
२४	आवाशिय क्षेत्र	पुन्यचोक बाट ढुंगाना गाउँहुदै मेची विद्योदय जाने वाटोका जग्गाहरु	१०००००
२५	आवाशिय क्षेत्र	अन्य वाटोले छोएका साथै दुर्गा मन्दिर पूर्व पश्चिम शाखा बाटाले छोएका जग्गाहरु	१०००००
२६	कृषि क्षेत्र	बाटोले नछोएका जग्गाहरु	७५०००
मेचीनगर नगरपालिका वार्ड नं . ९			
१	व्यापारिक तथा औधोगीक क्षेत्र	वडा कार्यालय देखि दुर्गामन्दिर सम्म शहिद मार्गले छोएका जग्गाहरु	२०००००
२	व्यापारिक तथा औधोगीक क्षेत्र	राम जानकी चोकउत्तर सिद्धार्थ चौक सम्म शहिद मार्गले छोएका जग्गा	१५०००००
३	आवाशिय क्षेत्र	सिद्धार्थ चोक उत्तर खुट्टिडाङ्गी सम्म शहिद मार्गले छोएका जग्गा	१०००००
४	आवाशिय क्षेत्र	शहिद मार्ग पुर्व गोसलाईन सम्म	९०००००
५	आवाशिय क्षेत्र	शहिद मार्गपश्चिम,धाईजन जाने वाटोका जग्गाहरु	९०००००

६	आवाशिय क्षेत्र	सिद्धार्थचोकवाट मुक्तिगङ्गा जाने बाटोले छोएका जग्गाहरु	६०००००
७	आवाशिय क्षेत्र	फारम बस्ती भित्रका वाटोले छोएका जग्गाहरु	६०००००
८	आवाशिय क्षेत्र	धुलावारी खानेपानी कार्यालय जाने वाटोले छोएका जग्गाहरु	६०००००
९	आवाशिय क्षेत्र	शहिद मार्ग वाट नन्दाबस्ती जाने वाटोको कल्भर्ट सम्म वाटोले छोएका जग्गाहरु	६०००००
१०	आवाशिय क्षेत्र	नन्दावस्ती कल्भर्ट पूर्व मन्दिर सम्म सम्म वाटोले छोएका जग्गाहरु	५०००००
११	आवाशिय क्षेत्र	खुट्टेडागी चोक देखि कमल चौक सम्म शहिद मार्गले छोएका जग्गा	५०००००
१२	आवाशिय क्षेत्र	कमल चौक देखि थोप्लेविरान सा.व.उ.स.सम्म शहिद मार्गले जग्गाहरु	३०००००
१३	आवाशिय क्षेत्र	नन्दावस्ती पूर्व मन्दिर देखि निन्दा खोलासम्म वाटोले छोएका जग्गाहरु	३०००००
१४	आवाशिय क्षेत्र	खुट्टीडागी उत्तर शहिद मार्गे पश्चिम जाने वाटोका टिमाई खोला सम्मका बाटोले छोएका जग्गाहरु	३०००००
१५	आवाशिय क्षेत्र	आदिकवि मार्गको सहिदमार्ग वाट नन्दावस्ति जाने बाटोको लिला बस्ति देखि पूर्वका बाटोले छोएका जग्गाहरु	१५००००
१६	आवाशिय क्षेत्र	कमल चोक वाट थोप्ले विरान सम्मजाने वाटोका जग्गा हरु	१५००००
१७	आवाशिय क्षेत्र	खुट्टेडागी चोक वाट पुर्व तिनतिरे चोक सम्म बाटोले छोएका जग्गा	१५००००
१८	आवाशिय क्षेत्र	नन्दावस्ति वाट पशुपति गाउ हुदै थोप्लेविरान जाने बाटोका जग्गा	१०००००
१९	आवाशिय क्षेत्र	शहिदमार्ग देखि पश्चिम हरि निमावि जाने बाटोसँग जोडिएका जग्गाहरु	८००००
२०	आवाशिय क्षेत्र	वडा नं. ११ सिमा देखी उत्तर मागुरमाडी सा.व.विट नं. १ जाने बाटोसम्म चक्रपथले छोएका सबै जग्गाहरु	६००००
२१	आवाशिय क्षेत्र	थोप्लेबिरान सामुदायीक बन कार्यालय उत्तर वडा सिमा सम्म सम्म शहिद मार्गमा छोएका सबै जग्गाहरु	५००००
२२	आवाशिय क्षेत्र	मागुरमाडी सा.व.विट नं. १ जाने बाटो उत्तर चक्रपथले छोएका सवै जग्गाहरु	५००००
२३	आवाशिय क्षेत्र	अन्य बाटोले छोएका जग्गाहरु	४००००
२४	कृषि क्षेत्र	कुनै पनि सडक सँग नजोएका जग्गाहरु	३००००
		मेचीनगर नगरपालिका वार्ड नं १० .	
१	व्यापारिक तथा औधोगीक क्षेत्र	टिमाईपुल देखी नेम्बाङ्ग पेट्रोल पम्प सम्म महेन्द्र राजमार्गले छोएका जग्गा	४००००००
२	व्यापारिक तथा औधोगीक क्षेत्र	पाटा गोदाम देखि शान्तिचोक सम्म शहिद मार्गले छोएका जग्गा	३०००००
३	व्यापारिक तथा औधोगीक क्षेत्र	नेम्बाङ्ग पम्प देखि निन्दा पुल सम्म महेन्द्र राजमार्गले छोएका जग्गा	२०००००
४	व्यापारिक तथा औधोगीक क्षेत्र	वडा सिमा दक्षिण पाटागोदाम सम्म शहिद मार्गले छोएका जग्गा	२०००००
५	आवाशिय क्षेत्र	वि.पी. मार्ग र चादनी चोक धु.मा.वि. सम्म दिनानाथ मार्ग	१५०००००
६	आवाशिय क्षेत्र	टिमाई देखि हडियासम्म महेन्द्र राजमार्गले छोएका जग्गाहरु	१५०००००

७	आवाशिय क्षेत्र	नन्दापम्प उत्तर रविराईस मिलसम्मको आम्दा रोडमा जोडीएका जग्गा	१५०००००
८	आवाशिय क्षेत्र	हस्पिटल मार्गका जग्गा	१२०००००
९	आवाशिय क्षेत्र	वि.पि. मार्ग पूर्व चक्रपथसँग जोडिएका र चक्रपथ पूर्व ग्राभेल शाखा बाटोले छोएका जग्गाहरु	१००००००
१०	आवाशिय क्षेत्र	अन्य कालोपत्रे बाटोले छोएका जग्गाहरु	१००००००
११	आवाशिय क्षेत्र	शान्तिचोक दक्षिण वडा सिमा सम्म शहिद मार्गले छोएका जग्गा	१००००००
१२	आवाशिय क्षेत्र	प्रणामी मार्गका जग्गा	१००००००
१३	आवाशिय क्षेत्र	ओम शान्ति क्षेत्र ड्रेन पश्चिम	१००००००
१४	आवाशिय क्षेत्र	चाँदनीचोकवाट उत्तर अतिथी सदनवाट लोकराज पराजुलीको घर हुँदै थाना जाने बाटोमा छोएका जग्गा	१००००००
१५	आवाशिय क्षेत्र	वडा कार्यालय छेउ वाट धुलावारी मा.वि. जाने बाटोका कालोपत्र सडकलाई छोएको जग्गा	१००००००
१६	आवाशिय क्षेत्र	युनीभर्सल पसल पुर्व, थाना चोक सम्म जाने वाटोलाई छोएको जग्गाहरु	१००००००
१७	आवाशिय क्षेत्र	थाना राड देखि पश्चिम बाङ्गे बजार हुँदै शहिद मार्गलाई छुने जग्गहरु	१००००००
१८	आवाशिय क्षेत्र	शहिद मार्ग देखि पश्चिम रवि राईसमिल सम्म रवि मार्गलाई छोएका जग्गा	१००००००
१९	आवाशिय क्षेत्र	खतिवडा मार्गको सडक मुख सँग जोडीएका जग्गाहरु	१००००००
२०	आवाशिय क्षेत्र	नेउपाने गाउजाने बाटोको मुख छोएका जग्गा हरु	१००००००
२१	आवाशिय क्षेत्र	नेम्वाङ पम्प उत्तर चक्रपथमा छोएका जग्गा र ओम शान्ति क्षेत्र ड्रेन पूर्व	८०००००
२२	आवाशिय क्षेत्र	हिमालयन क्षेत्रका प्लटिङका जग्गाहरु	७०००००
२३	आवाशिय क्षेत्र	थाना छेउ वाट मुक्तिगंगा खोलासम्म जाने वाटोलाई छोएका जग्गा	५०००००
२४	आवाशिय क्षेत्र	महेन्द्र राजमार्ग देखि ढाट हुँदै वानिया गाउँसम्म गा्रभेल सडकले छोएका जग्गा	५०००००
२५	आवाशिय क्षेत्र	महेन्द्र राजमार्गका शान्तिचोक वाट पञ्चायत मार्गसम्म सडकले छोएका जग्गा	५०००००
२६	आवाशिय क्षेत्र	नागर डुब्वा देखि क्याम्पस चोकसम्म रिङराडको पीच छोएका जग्गाहरु	५०००००
२७	आवाशिय क्षेत्र	नागरडुब्वा देखि उत्तर रिङरोडले छोएका जग्गाहरु	५०००००
२८	आवाशिय क्षेत्र	सोल्भेन्ट देखि दुवागढी सिमासम्म पञ्चायत मार्गलाई छुने जग्गाहरु	४०००००
२९	आवाशिय क्षेत्र	महेन्द्र राजमार्ग देखि मेचीग्याँस दुवागढीसम्म जाने वाटोलाई छुने जग्गा	४०००००
३०	आवाशिय क्षेत्र	नन्दापम्प देखि केापी गाउँसम्म जाने बाटोलाई छुने जग्गाहरु	४०००००
३१	आवाशिय क्षेत्र	केपी गाउ दक्षिण वडा सिमा सम्मका वाटो लाई छुने जग्गाहरु	३०००००
३२	आवाशिय क्षेत्र	नागर डुब्बा दक्षिण रिङ रोडको पीच नछोएका जग्गाहरु	३०००००
३३	आवाशिय क्षेत्र	अन्य ग्राभेल बाटोले छोएका जग्गाहरु	३०००००
३४	कृषि क्षेत्र	कच्ची बाटोले छोएका जग्गाहरु	२०००००

३५	कृषि क्षेत्र	बाटोले नछोएका जग्गाहरु	१५००००
		मेचीनगर नगरपालिका वार्ड नं ११ .	
१	व्यापारिक तथा औधोगीक क्षेत्र	थीरवमपथ सुर्यएग्रो कम्पाउण्ड सम्म	१०००००
२	व्यापारिक तथा औधोगीक क्षेत्र	टिमाई पुलवाट आम्दा सडक सम्म	८०००००
३	आवासिय	सुर्यएग्रो देखि छविलमार्ग सम्म	८०००००
४	आवासिय	मेनपा १३ को सिमाना श्रीजंगा मार्गको हुलाकि मार्ग सम्म	८०००००
५	आवासिय	छविलमार्ग देखि मंगली वलभद मा.वि. सम्म	७०००००
६	आवासिय	छविलमार्ग देखि मेनपा १३ को सिमाना सम्म	६०००००
७	आवासिय	मेनपा १० को सिमानावाट मदन आश्रीत मार्ग आरती चोक सम्म	६०००००
८	आवासिय	टिमाई पुलवाट सिता मगर घर पुर्व चौक सम्म	६०००००
९	आवासिय	मिल डागी उत्तर दुर्गा मन्दिर सम्म	६०००००
१०	आवासिय	मंगली देखि वडा नं. १२ को सिमानासम्म	५०००००
११	आवासिय	हुलाकी मार्ग लावरवाटे श्रीजंगा मार्ग सम्म	५०००००
१२	आवासिय	छविल मार्ग काली वहादुर खेवा घर दक्षिण मेनपा १४ सिमानासम्म	५०००००
१३	आवासिय	श्रीजंगा मार्ग पुर्व पश्चिम साखा वाटोले छोएका जग्गाहरु	५०००००
१४	आवासिय	श्रीजंगा मार्गको चौ वाटो देखि मेनपा १२ को सिमाना सम्म	५०००००
१५	आवासिय	मेनपा १० को सिमानावाट तित्रिडागी कालीका सिमसार जानेवाटो	४०००००
१६	आवासिय	आम्दा सडकवाट नागरडुव्वा खोला सम्म	४०००००
१७	आवासिय	हुलाकी मार्ग दक्षिण साविक धाइजन ९ मेनपा १० सिमाना सम्म	४०००००
१८	आवासिय	मदन आश्रीत मार्ग हरि वानिया घर पुर्व मेनपा १० सम्म	४०००००
१९	आवासिय	थरिवम पथ स्वास्थ्य चौकी पश्चिम सुर्य प्रसाई घर सम्म	४०००००
२०	आवासिय	सिता मगर घर पश्चिम भानु आधारभुत विद्यालय जाने वाटो सम्म	४०००००
२१	आवासिय	मिल डागी दुर्गा मन्दिर दक्षिण का भित्री साखु वाटोले छोएका जग्गाहरु	४०००००
२२	कृषी	हुलाकी मार्ग कार्की गाउ उत्तर देवी मार्ग सम्म	३०००००
२३	कृषी	भानु आधारभुत विद्यालय उत्तर वासवारि सिमसार जानेवाटो सम्म	३०००००
२४	कृषी	वासवारी जानेवाटो देखि मेनपा ९ को सिमाना सम्म	३०००००
२५	कृषी	मदन आश्रित मार्ग आरति चोक देखि वासवारि सिमसार जाने वाटो सम्म	३०००००
२६	कृषी	दुर्गा मन्दिर उत्तर साविक धाइजन ९ वाट मेनपा ९ को सिमाना सम्म	३०००००
२७	कृषी	थिरवम पथ पश्चिम देवी मार्गवाट श्रीजंगा मार्ग सम्म	३०००००
२८	कृषी	हुलाकी मार्ग सिमाना देखि गोजा मार्ग सम्म	३०००००
२९	कृषी	वासवारि सिमसार जाने वाटो भानु मार्ग पश्चिम ठुटे आप सम्म	३०००००
३०	कृषी	साविक धाइजन २ हडिया पुल देखि कालीका वन सम्म	२०००००
३१	कृषी	लोवाडि कल्भर्ट देखि वडा नं. १२ को सिमानासम्म	२०००००

३२	कृषी	साविक धाइजन २ हडिया पुल देखि पुर्व कालीका वन जाने कल्भट सम्म	२०००००
३३	कृषी	द्रोणमार्ग नागर डुव्वा खोला पश्चिम मदन आश्रीत मार्ग सम्म	२०००००
३४	कृषी	नगर डुव्वा खोला देखि पश्चिम हडिया खोला सम्म	२०००००
३५	कृषी	हुलाकी मार्ग उत्तर प्रगती मार्ग आसपासका जग्गाहरु	२०००००
३६	कृषी	मदन आश्रीत मार्ग पुर्व जनमार्ग आसपासका जग्गाहरु	२०००००
३७	कृषी	मदन आश्रीत मार्ग पुर्व चौधरी गाउ सम्मका जग्गाहरु	२०००००
३८	कृषी	साविक धाइजन ९ गोजामार्ग चार वाटो उत्तर मेनपा ९ सम्मका जग्गाहरु	२०००००
मेचीनगर नगरपालिका वार्ड नं . १२			
१	व्यापारिक तथा औधोगीक क्षेत्र	महेन्द्र राजमार्ग संग जोडिएका वुट्टावारी सम्मका (क) नक्साका जग्गाहरु	१८०००००
२	व्यापारिक तथा औधोगीक क्षेत्र	मेनपा १३ सिमाना उमेस ओझा घर उत्तर सव्जी मन्डी सम्म	१२०००००
३	व्यापारिक तथा औधोगीक क्षेत्र	माधव सस्कृत विद्याश्रम देखि शान्तीमार्ग सम्म	११०००००
४	व्यापारिक तथा औधोगीक क्षेत्र	खानेपानि जाने वाटो देखि वुद्धशान्ती सिमानासम्म	११०००००
५	आवासिय	महेन्द्र राजमार्गसंग जोडिएका (ख) नक्साका जग्गा	१३०००००
६	आवासिय	सव्जीमन्डी देखि पिपल डागी कल्भर्टसम्म	१००००००
७	आवासिय	पिपल डागी देखि माधव सस्कृत विद्याश्रमसम्म	९०००००
८	आवासिय	शान्ती मार्ग देखि खानेपानि जाने वाटोसम्म	९०००००
९	आवासिय	धाइजन चोक पुर्व झिलमिले कल्भर्ट सम्म	७०००००
१०	आवासिय	थीरवम पथ उत्तर पुर्व राजेन्द्र विष्ट घर हुदै वुद्धशान्ती सिमाना सम्म	५०००००
११	आवासिय	सव्जी मन्डी पश्चिमवाट पुर्व फुलवासा खोला सम्म	५०००००
१२	आवासिय	हुलाकी मार्ग वडा नं. ११ को सिमानाबाट भिम भट्टराईको घरसम्म	४०००००
१३	आवासिय	नया वस्ति हापाडागी	४०००००
१४	कृषी	अमर प्राविवाट वुद्धशान्ती सिमाना सम्म	३०००००
१५	कृषी	थीरवमपथवाट मेचीराजमार्गसम्म शान्तीमार्ग	३०००००
१६	कृषी	नयावस्ति हरीकुमार विष्टको घर सम्म	३०००००
१७	कृषी	फाईटर चोक तिनघरे आसपास	३०००००
१८	कृषी	सहरेडागी पुर्व झिलमिले पैनी सम्म वाटाले छोएका	३०००००
१९	कृषी	हुलाकी मार्ग दक्षिण फुलवासा खोला पुर्व मेनपा १३ को सिमाना सम्म	३०००००
२०	कृषी	वासु गाउ पुर्व झागु पैनी सम्म	२०००००
२१	कृषी	भिम भट्टराई घर पश्चिम कछुजनाला पैनी सम्म	२०००००
२२	कृषी	जुनतारा गाई फम देखि भुजेल गाउसम्म	१५००००
२३	कृषी	कछुनाला हुलाकी मार्ग उत्तर हापा डागी सम्म	१५००००
२४	कृषी	शाखा वाटोले नछोएका खेती योग्य जमिनहरु	१०००००
२५	कृषी	हडिया खोलासंग जोडिएका दुवै तर्फका जग्गाहरु	७५०००
२६	आवासिय	धाईजन चोक देखी पश्चिम शनिअर्जुन सम्म जोड्न बाटो	७०००००
२७	आवासिय	सहरेडागी देखी शनिअर्जुन , बुद्धशान्ती गापा सम्म चोक	५०००००
२८	आवासिय	थिरबमपथ बाटो हुदै मेनपा ११ सिमना सम्मका जग्गाहरु	४०००००

२९	आवासिय	थिरबमपथ बाटो देखी श्रीजंग मार्म मेनपा ११ को सिमना सम्मका जग्गाहरु	४०००००
३०	कृषी	शाखा कच्ची बाटोले छोएका जग्गाहरु साविक धाइजन ३	२०००००
३१	कृषी	ग्राभेल बाटोले छोएका जग्गाहरु साविक धाइजन ४	२०००००
३२	कृषी	बाटोले नछोएको खेतीयोग्य जग्गाहरु साविक धाइजन ३	१०००००
३३	आवासिय	प्लटिङ्गका जग्गाहरु	३०००००
३४	कृषी	शाखा कच्ची बाटोले छोएका जग्गाहरु साविक धाइजन ४	१०००००
३५	कृषी	ग्राभेल बाटोले छोएका जग्गाहरु साविक धाइजन ४	३०००००
३६	कृषी	बाटोले नछोएको खेतीयोग्य जग्गाहरु साविक धाइजन ४	१०००००
३७	आवासिय	प्लटिङ्गका जग्गाहरु साविक धाइजन ४	५०००००
३८	कृषी	शाखा कच्ची बाटोले छोएका जग्गाहरु साविक धाइजन ५	२०००००
३९	कृषी	ग्राभेल बाटोले छोएका जग्गाहरु साविक धाइजन ५	२०००००
४०	कृषी	बाटोले नछोएको खेतीयोग्य जग्गाहरु साविक धाइजन ५	१०००००
४१	आवासिय	प्लटिङ्गका जग्गाहरु साविक धाइजन ५	५०००००
४२	कृषी	शाखा कच्ची बाटोले छोएका जग्गाहरु साविक धाइजन ६	२०००००
४३	कृषी	ग्राभेल बाटोले छोएका जग्गाहरु साविक धाइजन ६	२०००००
४४	कृषी	बाटोले नछोएको खेतीयोग्य जग्गाहरु साविक धाइजन ६	१०००००
४५	आवासिय	प्लटिङ्गका जग्गाहरु साविक धाइजन ६	५०००००
४६	व्यापारिक तथा औधोगीक क्षेत्र	महेन्द्र राजमार्ग संग जोडिएका बुट्टाबारी सम्मका (क)नक्साका भित्री जग्गाहरु	९०००००
